# जैविक विविधता संरक्षणमा धुसेरी सामुदायिक वनको भूमिका

■ बिर्ख क्षेत्री

## धुसरी सामुदायिक वनको परिचय

धुसरी सामुदायिक वन उपभोक्ता समूह नवलपरासी जिल्लाको रजहर ७ मा अवस्थित छ । यो सामुदायिक वन (सा.व.) वि.स. २०५२ सालमा समूह दर्ता भई त्यसै साल समूहलाई हस्तान्तरण भएको थियो । यो जिल्ला कै प्रथम सा.व. उपभोक्ता समूह हो जुन पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय पोखराबाट हस्तान्तरण भएको थियो । तराईको भित्तादेखि चुरे पहाडसम्म फैलिएको यस वनमा विभिन्न प्रजातिका रुख बिरुवाहरुका साथै साल प्रजातिको बाहुल्यता छ । वि.सं.२०६० सालमा नम्सबाट सम्पन्न भएको एक अध्ययन अनुसार यो वनको क्षेत्रफल २०५ हेक्टर र उपभोक्ता घरधुरी ६२३ रहेका छन् । यो समूहले आफ्नो क्षेत्रमा जैविक विविधता तथा प्राकृतिक स्रोत व्यवस्थापनका निम्ति विभिन्न क्रियाकलापहरु गर्दै आएको छ र जैविक विविधतता संरक्षणलाई प्राथमिकताका साथ अघि बढाउन वि.स. २०५७ सालमा जैविक विविधता तथा प्राकृतिक स्रोत व्यवस्थापन समिति नामक समूह जिल्ला प्रशासन कार्यालयमा दर्ता गराई कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस लेखमा धुसेरी सा.व. उपभोक्ता समूहको सेरोफेरोमा रही जैविक विविधता संरक्षणमा भए गरेका प्रयास तथा उपलब्धी र समूहमा विद्यमान चुनौति एवं सम्भावनाहरु बारे चर्चा गरिएको छ ।

रजहर गा.वि.स.मा थारु (आदिवासी) जातिको बसोबास वि.स. १९८० सालभन्दा अघिदेखि नै उल्लेखनिय थियो भने पहाडी जिल्लाबाट बसाई सरी आउने क्रम वि.स. २०२८/२९ सालदेखि बढ्न लाग्यो र महेन्द्र राजमार्ग बनेपछि त्यो क्रम अत्याधिक रुपमा वृद्धि हुँदै गएको कुरा स्थानीय बुढापाकाहरु बताउँछन् ।

मुलतः वन तथा कृषि मा आश्रित जनताहरुको जनसंख्या वृद्धि भएपछि वि.स. २०४० सालसम्म अत्यन्तै घना रहेको वन वि.सं. २०४८/४९ सालतिर आइपुग्दा यति विनाश भयो कि गाउँबाटै वनको बीच भागमा बाखा हिडेको समेत स्पष्ट देख्न सकिने भयो । यस किसिमको वन विनाशले कृषि तथा पशुपालनमा आश्रित घर परिवारलाई आफ्नो दैनिक आपूर्तिमा निकै समस्या पर्न थाल्यो । यो देखेर स्थानीय अगुवाहरुको सक्रियतामा वि.सं. २०४९/५० देखि संरक्षण समिति बनाई वन संरक्षण गर्ने काम सुरु भयो । जातिय विविधता, भिन्न भिन्न आवश्यकता, चाहना, पेशा र विविधता भएका मानिसहरुको थलो भएकोले संरक्षणको सुरुआतमै बाधाहरु देखा पर्न थाले । सामान्य कृषक तथा पशुपालकहरु घर नजिक मै घाँस दाउरा र काठ दिगो रुपमा उपलब्ध भईरहोस् भन्ने अभिप्रायले वन जोगाउन लागे भने दाउरा बेचेर दैनिक गुजारा चलाउने ठूलो संख्या भने आफ्नो जीविकाको साधन खोसिने देखेर संरक्षणको विरोधमा उत्रिए । काठको तस्करीमा लागेको सानो तर दह्रो सञ्जाल पनि आफ्नो आम्दानीको बाटो भट्किने देखेर पर्दा पछाडि बसी दाउरा बेच्ने समुदायलाई उचाल्न लागे । यसरी स्पष्ट रुपमा दुई खेमा जन्मिएपछि दाउरावालहरुले जबरजस्ति दाउरा सङ्कलन गर्न लागे र वन संरक्षकहरुले खोस्न थालेपछि सामूहिक रुपमा कुटपिट समेत भयो ।

संरक्षणको प्रयासले सामूहिक मारपिटको रुप लिएपछि संरक्षण समितिको अनुरोधमा जिल्ला वन कार्यालयले निवेदकको पक्षमा अनुकुल भूमिका निर्वाह गरी अस्थिरता पैदा गराउने पक्षका केही अगुवाहरुलाई मुद्दाको क्रममा हिरासतमा राखेपछि विरोधको क्रम घट्दै गयो र वन संरक्षण कार्यले सफलता पाउँदै जान थाल्यो ।

### उपभोक्ता समूहको विकासक्रम र गतिविधिहरु

हाल विकसित भएको सा.व. उपभोक्ता समूह गठन प्रक्रिया अनुसार घरधुरी पहिचान गर्ने चलन नभएको हुँदा ५०-६० घरधुरीको नाममा समूह दर्ताको लागि आवेदन गर्दा जिल्ला वन कार्यालयले घरधुरी थप गर्नुपर्ने सुझाव दिएकाले उपभोक्ता बन्ने चासो धेरै घरधुरीमा नभएको बेलामा नयाँ उपाय निकाली घरधुरी थप गरियो । सा.व. बाट फाइदा पुग्छ भन्ने विश्वास दिलाउन समितिले प्रत्येक घरधुरीलाई १४०० मिटरका दरले प्लट वितरण गऱ्यो । प्रति प्लट रु २७५ का दरले २५२ घरधुरीलाई प्लट वितरण गरी शेयर प्रमाण-पत्र समेत प्रदान गरिएको थियो । दोस्रोपटक पेश गरेको निवेदनमा २५२ घरधुरी जनाएपछि समूह दर्ताका लागि सदर भएको थियो । उपभोक्ताहरु २५२ घरधुरी देखाए तापनि वास्तविक रुपमा ६०-७० घरधुरीकै परिवारका सदस्यहरलाई भिन्न शेयर सदस्यको रुपमा देखाइएको थियो र उनीहरुको नाममा प्लट विभाजन भएको थियो । यसो गर्दा कतिपय घरधुरीमा ४-५ सदस्यले समेत नाम दर्ता गराएकोले एउटै घरधुरीले ४-५ वटा प्लट उपभोग गर्दै आएको थियो भने नयाँ सदस्यलाई यो सुविधा दिइएको थिएन । तत्कालिन समयमा साथमा पैसा हुने र सूचना थाहा पाउनेहरुले सदस्यता लिएका थिए ।

सुरुका दिनहरुमा वन संरक्षण गर्ने काम अत्यन्तै कठिन भएकाले सामूहिक रुपमा गस्ती गर्ने प्रणाली अपनाएको थियो । साथसाथै व्यक्तिगत रुपमा वितरण गरिएको घरधुरीको प्लट व्यवस्थापनले वन संरक्षणमा निकै सहयोग पुऱ्यायो । ती प्लटहरुमा विभिन्न जातका डालेघाँस, भुईघाँस साथै फलफूलका बिरुवाहरु लगाउने गरेकाले घाँसपात र दाउरामा वृद्धि हुनाका साथै वनको अन्य भागमा चाप घट्यो । ती घरधुरीबाट आ-आफ्नो प्लटमा जाँदा चोरी निकासी रेखदेखमा समेत मद्दत पुऱ्यायो । हाल भने चौकीदार प्रणाली र बेला बेलामा समिति र उप-समिति मार्फत वन हेर्न जाने चलन छ । सा.व. को विभिन्न खण्डको खालि ठाउँमा सिसौ, डाले घाँस, रबर, बाँस लगायतका बिरुवाहरु वृक्षारोपण गरिएको छ भने वन भित्र काठ सङ्कलन गर्न सजिलो होस् भन्नका लागि सबै खण्डहरुमा ट्याक्टर जान सक्ने बाटो खनिएको छ । यो समूहले हस्तान्तरण गरेको क्षेत्रफल बाहेक यसैसँग जोडिएको लगभग ४०० हेक्टर वन संरक्षित वनको रुपमा व्यवस्थापन गर्दै आएको छ । हस्तान्तरित क्षेत्रफलको कूल भू-भागलाई भौगोलिक बनावट, प्रजाति र व्यवस्थापन उद्देश्यको आधारमा पाँच खण्डमा विभाजन गरी व्यवस्थापन गर्दै आएको छ ।

### जैविक विविधता तथा प्राकृतिक स्रोत व्यवस्थापन समितिको स्थापना र गतिविधिहरु

वनको हैसियत, पानीको मुहान तथा पशु-प्राणीहरुको संख्या उल्लेखनिय रुपमा वृद्धि हुँदै गइरहेको अवस्थामा वि.सं. २०५६/५७ सालतिर आइपुग्दा फेरी अर्को समस्या थपियो । धुसेरी वनक्षेत्र भई बगेर आउने मुकुन्दे खोलाको आसपासमा बसोबास भएका घरधुरीहरुले खोलामा विष प्रयोग गरी माछा मार्ने गरेकाले खोलामा पानी खान आउने गाई वस्तु बिरामी हुने र मर्ने गरे भने मरेका सर्प, भ्यागुता तथा स-साना जङ्गली प्राणिहरुको दुर्गन्धले वातावरण दुषित भई गाउँमा रोग फैलिन थाल्यो । यस घटनाबाट स्थानिय उपभोक्ताहरु संवेदनशील बने र समितिका अगुवाहरुको सक्रियतामा (तत्कालिन अध्यक्ष श्री जुद्ध प्रसाद वाग्ले) जैविक विविधता तथा प्राकृतिक स्रोत व्यवस्थापन समिति नामक छुट्टै समूह २०५७ सालमा स्थापना गरी विभिन्न गतिविधिहरु अघि बढाउन थाले । जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको उक्त संस्थाका उद्देश्यहरु निम्न छन्:

- जैविक विविधताको महत्व र यसको संरक्षणबारे चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- पर्यावरण विकासमा टेवा पुऱ्याउने,
- जलाधर क्षेत्रको व्यवस्थापन तथा वनक्षेत्र अतिक्रमण नियन्त्रण गर्ने,
- वातावरणीय सर-सफाई सम्बन्धी काम गर्ने,

- जलस्रोतलाई विष प्रयोग गर्नबाट जोगाउने,
- प्राकृतिक स्रोतको अधिकतम उपयोग र दिगो व्यवस्थापनको लागि अध्ययन तथा संरक्षणका कामहरु गर्ने,
- उन्नत कृषि तथा पशुपालन प्रवर्द्धनमा सहयोग गर्ने,
- भू-क्षय नियन्त्रण सम्बन्धि काम गर्ने,
- यस क्षेत्रलाई पर्या-पर्यटनको रुपमा विकास गर्ने ।

यी उद्देश्य प्राप्त गर्नका लागि समितिको सक्रियतामा धुसेरी सा.व. को एक खण्डलाई प्रदर्शनी प्लटको रुपमा विकास गरिएको छ । उक्त प्लटमा सर्पगन्धा, तुलसी लगायत विभिन्न प्रजातिका मूल्यवान जडीबुटीहरुको नर्सरी स्थापना गर्नुका साथै विभिन्न जातका फूलहरु रोपिएको छ । जैविक विविधता तथा पर्यटनलाई बढावा दिने उद्देश्यले प्राकृतिक मुहान भएका ठाउँमा २-३ ओटा पोखरी निर्माण गरिएको छ भने यसैको आसपासमा वनभोज स्थल र मन्दिर निर्माण गरिएको छ । भर्खरै एग्रो हर्बल कम्पनीको प्राविधिक सहयोगमा १६० भन्दा बढी प्रजातिका मूल्यवान जडीबुटीहरु पहिचान भई व्यवस्थापन योजनाको तयारीमा समूह जुटेको छ । यी बाहेक समूहमा चर्पी निर्माण अभियान तथा जैविक विविधता सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुदै आएका छन् । समूहको यी विभिन्न क्रियाकलापहरुले बाहिरबाट आउने मानिसहरुको संख्यामा वृद्धि भएकोले आफ्ना गतिविधिहरुलाई व्यवस्थित रुपमा जानकारी गराउन र उपभोक्ताहरुलाई जागरुक गराउँदै लैजान सा.व.को पाठशाला नामक कार्यक्रम पनि सञ्चालन गरिएको छ ।

धुसेरी सा.व. बाट सुरु भएको यो अभियान हाल आएर नजिकका अरु सा.उ.व.स. हरुमा पनि बिस्तारित भइसकेको छ । यी समूहहरुमा रजहरका चौतारी, वरटाँडी, दिव्यपुरीबाट अमर र अमरापुरीबाट सुन्दरी सा.व. उपभोक्ता समूह समावेश छन् । अहिले आएर जैविक विविधता तथा प्राकृतिक स्रोत व्यवस्थापनमा धुसेरी सा.व. लगायत यी माथिका चारओटै समूहहरुको प्रतिनिधित्व रहेको समिति गठन गरिएको छ ।

जैविक विविधता संरक्षणको निम्ति अपनाईएका यी प्रयासहरुले वन क्षेत्रमा पानीको स्रोत बढेको, वन घनत्व र प्रजातिगत विविधता वृद्धि भएको, पशु-पक्षीहरुको संख्या बढेको, वातावरणमा सुधार आएको र उचित वर्षाको कारण कृषि उत्पादनमा वृद्धि भई जीविकोपार्जनमा समेत सुधार आएको स्थानीय उपभोक्ताहरु बताउँछन् ।

**संस्थागत व्यवस्थापन र चुनौतीहरु**

ठूलो र स्रोत सम्पन्न वनक्षेत्र, विविधतायुक्त सामाजिक संरचना, धेरै उपभोक्ता घरधुरीहरु र सा.व. विकास सम्बन्धी बाहिरी पक्षको सहयोगी भूमिका अत्यन्त न्यून रहेको परिवेशमा धुसेरी सा.व. उपभोक्ता समूहले समयको अन्तरालमा अनुभवजन्य सिकाइबाट संस्थागत व्यवस्थापनमा आफ्नै किसिमको विशिष्टता अपनाउदै आएको छ । यी विशिष्टता मध्ये यसको साङ्गठनिक संरचना एक हो जुन निकै उत्कृष्ट छ । यसको साङ्गठनिक संरचनामा उपभोक्ता घरधुरीदेखि साधारण सभासम्म पुग्दा मुख्य ६ वटा तहमा १४ किसिमका समूहहरु पूनः विभाजन गरिएका छन् । तर यसलाई जिल्लाका अन्य उपभोक्ता समूहहरुले पनि नक्कल गर्न थालेका छन् ।

यो समूहको संरचना वन विभागको तहगत ढाँचासँग कतिपय संरचनाहरु मिल्दा जुल्दा छन् । समूहको कामलाई चुस्त, पारदर्शी, नियन्त्रण र सन्तुलन कायम गर्नको लागि उक्त साङ्गठनिक संरचना अन्तर्गत साधारण सभा बाहेक ८१ जनाको समूह रहे तापनि अपेक्षित उद्देश्य हासिल हुन सकेको अवस्था छैन । आर्थिक स्रोतको हिसाबले समूहको वार्षिक कारोबार २० लाख भन्दा माथि भएकोले

कार्यालय व्यवस्थापन सुदृढ नै देखिन्छ । नियमित कर्मचारी ३-४ जना रहेका छन । यति हुँदा हुँदै पनि यस समूहमा जटिल बाधा र चुनौतीहरु छन् । सदस्यता पहुँचको कुरा गर्नुपर्दा सा.व.मा पुऱ्याएको योगदानको आधारमा सदस्यतालाई तीन वर्गमा विभाजन गरिएको छ र तेस्रो वर्गलाई क्रमशः दोस्रो-पहिलोमा ल्याउने प्रावधान छ तर यो कार्यान्वयन भएको देखिदैंन । नयाँ सदस्यता शुल्क रु १०००/- रहेको छ भने वनकै नजिक घर भएकाहरु समेत सुरुमा सदस्यता नलिएका कारण छुटेका छन् । कतिपय व्यक्तिहरु २-३ वटा भन्दा बढी समूहमा पनि आवद्ध छन् । उपभोक्ताहरुको भनाई अनुसार त्यस्ता घरधुरी १५-१६ ओटा छन् जसले काठको व्यापारको लागि एकभन्दा बढी समूहमा सदस्यता लिएका छन् । यो समस्या नियन्त्रण गर्न दोहोरो सदस्यता कटाउने सम्बन्धमा आपसी छलफल भइरहेको छ । निर्णय प्रक्रियाको सन्दर्भमा विभिन्न तहगत प्रतिनिधित्वको आधारमा निर्णय गर्ने भनिए तापनि निर्णय र कार्यान्वयनहरु सबै उपभोक्तालाई चित्त बुझ्दो हुन सकेका छैनन् । हरेक साधारण सभामा आर्थिक हिनामिना तथा काठको दुरुपयोग मूल मुद्दाको रुपमा उठ्ने गर्दछ । यी विषयले नेतृत्वमा यति प्रभाव पारेको छ कि समितिको कार्यकाल पाँच वर्षको भए तापनि २०५२ देखि २०५८ सम्मको अवधिमा नौ पटक समिति हेरफेर भइसकेको छ ।

विद्यमान स्थितिमा दिगो नेतृत्व, पारदर्शिता, वन पैदावर तथा आर्थिक स्रोतको न्यायोचित वितरण, सहभागितामूलक निर्णय प्रक्रिया, महिलाहरुको समान सहभागिता र व्यवहारिक तथा प्रभावकारी अनुगमन-मूल्यांकन पद्धति टड्कारो र अभिन्न चुनौतिका रुपमा उभिएका छन । समूहभित्रका यी नीतिगत पक्षहरुलाई सुधार गर्दै लैजान सकेमा थुप्रै संभावना र अवसरहरु उपभोक्ता समूहभित्रै छन् ।

**निष्कर्ष**

तराईमा सा.व. व्यवस्थापनको सवालमा थुप्रै ज्वलन्त समस्याहरु भइरहेको अवस्थामा धुसेरी सा.व. पनि यसबाट टाढा रहेको पाइदैन । तर नवलपरासी जिल्लामा सा.व. विकास तथा व्यवस्थापनको पृष्ठभूमिलाई हेर्दा धुसेरी सा.व. उपभोक्ता समूहको नाम छुटाउन सकिँदैन । वर्तमान अवस्थामा पनि सक्रिय उपभोक्ता समूहमा समेत जैविक विविधता संरक्षण सम्बन्धि जानकारीको स्तर निकै कम रहेको देखिन्छ भने वन परियोजनाहरुकै सहजिकरणमा तयार भएका अधिकतम विधान-कार्ययोजनामा समेत जैविक विविधता संरक्षण सम्बधि क्रियाकलापहरु स्पष्टताका साथ उल्लेख गरेको पाईदैन । यस्तो स्थितिमा विभिन्न आन्तरिक समस्याको बावजुद पनि धुसेरी सा.व. उपभोक्ता समूहले जैविक विविधता तथा प्राकृतिक स्रोत व्यवस्थापन समिति मार्फत सहभागितामूलक पद्धतिबाट अघि बढाएको जैविक विविधता संरक्षण अभियान उल्लेखनिय र नमूनायोग्य छ । यो अनुभव मूलक सिकाईलाई अझ प्रवर्द्धन गरी यसबाट प्राप्त अनुभवलाई बिस्तार गर्ने तर्फ सरोकारवाला पक्षहरुको ध्यान पुग्न सकेमा सबै सा.व. उपभोक्ता समूहहरुकै लागि उपयोगी बन्न सक्ने विश्वास गर्न सकिन्छ ।

(लेखक नम्समा कार्यरत हुनुहुन्छ ।)